# नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन समितिद्वारा जारी

## निर्वाचन कार्यविधि निर्देशिका,२०७४

नेपाल पत्रकार महासंघको केन्द्रीय समितिको निर्वाचनलाई पारदर्शी तथा विधिसम्मत् रुपमा सञ्चालन गर्नका लागि नेपाल पत्रकार महासंघको विधान, २०६० (चौथो संशोधन २०७३ सहित) को धारा ३५ (३) (क) बमोजिम केन्द्रीय निर्वाचन समितिद्वारा देहाय बमोजिम निर्वाचन कार्यविधि निर्देशिका, २०७४ जारी गरिएको छ ।

१. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. यस निर्देशिकाको नाम नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको निर्वाचन कार्यविधि निर्देशिका, २०७४ रहेको छ ।

२. यो निर्देशिका निर्वाचन समितिको मिति २०७४ साउन २७ गते बसेको बैठकबाट पारित भई लागु भएको छ ।

३. यस निर्देशिकामा निर्वाचन समिति भन्नाले नेपाल पत्रकार महासंघको धारा ३५(४) बमोजिम केन्द्रीय समितिको निर्वाचनका लागि गठन भएको केन्द्रीय निर्वाचन समितिलाई सम्झनु पर्दछ ।

४. उम्मेदवार भन्नाले नेपाल पत्रकार महासंघको विधान बमोजिम केन्द्रीय समितिको पदाधिकारी, सदस्य र लेखा समिति संयोजक र लेखा समिति सदस्य पदको उम्मेदवार सम्झनु पर्दछ ।

५. महासंघ भन्नाले नेपाल पत्रकार महासंघलाई सम्झनु पर्दछ ।

२. मतदाता नामावली सम्बन्धमा

१. नेपाल पत्रकार महासंघको महाधिवेशनमा सहभागी हुने केन्द्रीय सभासदको नाम केन्द्रीय समितिले निर्वाचन समितिलाई २०७४ भाद्र १ गते उपलब्ध गराउनु पर्नेछ ।

२. उपनियम (१) बमोजिम प्राप्त नामावलीलाई नै मतदाता नामावली मानिने छ ।

३. केन्द्रीय समितिले निर्वाचन समितिलाई मतदाता नामावली पठाउँदा देहाय बमोजिम प्रयोजन स्पष्ट खुल्नेगरी पठाउनु पर्नेछ ।

क. पदाधिकारीलाई मतदान गर्न पाउने सबै केन्द्रीय सभासदहरुको नाम ।

ख. प्रदेश नं. १ बाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने केन्द्रीय सभासदहरुको नाम ।

ग. प्रदेश नं. २ बाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने केन्द्रीय सभासदको नाम ।

घ. प्रदेश नं. ३ बाट (उपत्यका बाहेक) निर्वाचित हुने सदस्यलाई मतदान गर्ने केन्द्रीय सभासदहरुको नाम ।

ङ. प्रदेश नं. ४ बाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने केन्द्रीय सभासदहरुको नाम ।

च. प्रदेश नं. ५ बाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने केन्द्रीय सभासदहरुको नाम ।

छ. प्रदेश नं. ६ बाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने केन्द्रीय सभासदहरुको नाम ।

ज. प्रदेश नं. ७ बाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने केन्द्रीय सभासदहरुको नाम ।

झ. प्रदेश नं. ८ बाट उपत्यका (एशोसिएट र प्रतिष्ठान शाखाका केन्द्रीय सभासद बाहेक) क्षेत्रबाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने केन्द्रीय सभासदहरुको नाम ।

ञ. प्रदेश नं. ९ बाट प्रतिष्ठान शाखाहरुका तर्फबाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने केन्द्रीय सभासदहरुको नाम ।

ट. प्रदेश नं. १० बाट एशोसिएट सदस्य संस्थाको प्रतिनिधि मध्येबाट निर्वाचित हुने सदस्यलाई मतदान गर्ने केन्द्रीय सभासदहरुको नाम ।

ठ. महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति र अल्पसंख्यक निर्वाचन क्षेत्रबाट निर्वाचित हुने सदस्यहरुलाई मतदात गर्ने केन्द्रीय सभासदहरुको नाम ।

४. केन्द्रीय समितिले निर्वाचन समितिलाई उपलब्ध गराएको नामलाई आधार मानी निर्वाचन हुनु भन्दा अगावै अनुसूची-१ मा उल्लेखित कार्यतालिका बमोजिम मतदाता नामावली प्रकाशन गर्नेछ ।

५. मतदाता नामावलीमा कसैको नाम छुट भएमा वा नाम गलत प्रकाशन भएमा वा नपर्नु पर्ने नाम समावेश भएमा दावी विरोध गर्न अनुसूची-१ मा उल्लेख भए बमोजिम समय दिइनेछ ।

६. उपनियम ५ बमोजिम कुनै दावी विरोध परेमा निर्वाचन समितिले आवश्यक जाँचबुझ गरी उपनियम २ बमोजिम नै मतदाताको अन्तिम नामावली प्रकाशन गर्नेछ । यसरी मतदाता नामावली प्रकाशित भएपछि सो नामावलीमा कुनै परिवर्तन गरिने छैन ।

## ३. निर्वाचन हुने पद र मतदाता प्रतिनिधि सम्बन्धी व्यवस्था

महासंघको विधानको धारा १६(३)(४) र (५) अनुसार महासंघको केन्द्रीय समितिको निम्न पदमा निम्न अनुसारका केन्द्रीय सभासदहरु मतदाता भई निम्न अनुसार निर्वाचन हुनेछ :

| क्र सं | पद | निर्वाचित हुने संख्या | मतदाता हुन पाउने केन्द्रीय सभासदहरु |
|---|---|---|---|
| १. | अध्यक्ष | १ | सबै मतदाताहरु |
| २. | उपाध्यक्ष खुल्ला -१<br>उपाध्यक्ष समावेशी-१ | २ | सबै मतदाताहरु |
| ३. | महासचिव | १ | सबै मतदाताहरु |
| ४. | सचिव खुल्ला -१ | ६ | |

| | | | |
|---|---|---|---|
| | सचिव महिला -१<br>सचिव आदिवासी जनजाति -१<br>सचिव मधेसी -१<br>सचिव दलित -१<br>सचिव एसोसिएट-१ | | सबै मतदाताहरु |
| ५. | कोषाध्यक्ष | १ | सबै मतदाताहरु |
| ६. | प्रदेश नं. १ सदस्य | २ | प्रदेश नं. १ का सबै मतदाताहरु । |
| ७ | प्रदेश नं. २ सदस्य | २ | प्रदेश नं. २ का सबै मतदाताहरु । |
| ८ | प्रदेश नं. ३ (उपत्यका बाहेक) सदस्य | २ | प्रदेश नं. ३ उपत्यका बाहेकका सबै मतदानहरु । |
| ९. | प्रदेश नं. ४ सदस्य | २ | प्रदेश नं. ४ का सबै मतदानहरु । |
| १०. | प्रदेश नं. ५ सदस्य | २ | प्रदेश नं. ५ का सबै मतदाताहरु । |
| ११. | प्रदेश नं. ६ सदस्य | २ | प्रदेश नं. ६ का सबै मतदाताहरु । |
| १२. | प्रदेश नं. ७ सदस्य | २ | प्रदेश नं. ७ का सबै मतदाताहरु । |
| १३. | प्रदेश नं. ८ उपत्यका सदस्य | २ | प्रदेश नं. ८ उपत्यका भित्रका तीन जिल्लाका सबै मतदाताहरु । |
| १४. | प्रदेश नं. ९ प्रतिष्ठान शाखा सदस्य | २ | प्रतिष्ठान शाखाका मतदाताहरु । |
| १५. | प्रदेश नं. १० संस्थागत (एशोसिएट) सदस्य | २ | संस्थागत (एशोसिएट) मतदाताहरु । |
| १६. | खुल्ला सदस्य | ५ | संस्थागत (एशोसिएट) बाहेक सबै मतदाताहरु । |
| १७. | महिला सदस्य | ३ | संस्थागत (एशोसिएट) बाहेक सबै मतदाताहरु |
| १८. | दलित सदस्य | २ | संस्थागत (एशोसिएट) बाहेक सबै मतदाताहरु |
| १९. | आदिवासी जनजाति सदस्य | २ | संस्थागत (एशोसिएट) बाहेक सबै मतदाताहरु |
| २०. | मधेशी सदस्य | २ | संस्थागत (एशोसिएट) बाहेक सबै मतदाताहरु |
| २१. | अपाङ्गता भएका सदस्य | १ | संस्थागत (एशोसिएट) बाहेक सबै मतदाताहरु |
| २२. | अल्पसंख्यक सदस्य | १ | संस्थागत (एशोसिएट) बाहेक सबै मतदाताहरु |
| २३. | लेखा समिति संयोजक १<br>लेखा समिति सदस्य (खुल्ला) १ | २ | सबै मतदाताहरु |

| | | | |
|---|---|---|---|
| | लेखा समिति सदस्य (महिला) १ | | |

पुनश्च: बैदेशिक शाखाका सबै मतदाताहरुले पदाधिकारी, खुल्ला सदस्य, समावेशी सदस्य, लेखा समिती संयोजक तथा लेखा समिती सदस्यलाई मात्र मतदान गर्न पाउनेछ ।

४. निर्वाचनको कार्यक्रम सम्बन्धमा

निर्वाचन कार्यक्रम अनुसूची-१ बमोजिम सञ्चालन हुनेछ । तर, निर्वाचन समितिले आवश्यकता अनुसार निर्वाचन कार्यतालिकामा हेरफेर गर्न सक्नेछ ।

५. उम्मेदवारी दर्ता तथा उम्मेदवार हुन आवश्यक योग्यता सम्बन्धमा

१. निर्वाचनमा उम्मेदवार हुन चाहने कुनै पनि मतदाताले अनुसूची-१ मा निर्धारित निर्वाचन कार्यतालिका अनुसार उम्मेदवारको मनोनयन गर्न पाउने छन् ।

२. उम्मेदवार हुनका लागि अनुसूची २ बमोजिमको ढाँचामा मनोनयन पत्र दाखिल गर्नुपर्नेछ ।

३. उम्मेदवारले मनोनयन दर्ता गर्दा आफ्ना मतदाता मध्ये एकजनाले प्रस्ताव गरेको र एकजनाले समर्थन गरेको हुनुपर्नेछ । प्रस्तावक समर्थक मताधिकार अनुसार हुनु पर्नेछ ।

४. मनोनयन दर्ताको साथमा उम्मेदवारले देहाय बमोजिमको शुल्क समेत दाखिल गर्नु पर्नेछ :

क. अध्यक्षले रु १०,०००।- (दश हजार)

ख. उपाध्यक्ष र महासचिवले रु ५,०००।- (पाँच हजार)

ग. सचिव, कोषाध्यक्ष र लेखा समिति संयोजक रु ५,०००।- (पाँच हजार)

घ. सदस्य र लेखा समिति सदस्यहरु रु ३,०००।- (तीन हजार)

५. उपनियम ४ बमोजिम दाखिला भएको उम्मेदवारी शुल्क फिर्ता गरिने छैन ।

६. कुनै उम्मेदवार मनोनयन गर्न निर्वाचन कार्यालयमा उपस्थित हुन नसक्ने भएमा वारेस मार्फत समेत उम्मेदवारी दर्ता गराउन सक्नेछ ।

७. विधानको धारा १६(७) को अधिनमा रही पदाधिकारीमा उम्मेदवारी दिन चाहने व्यक्ति लगातार पहिला दुई पटक सोही पदमा रही कार्य गरेको रहेछ भने तेस्रो पटकको लागि पुन: सोही पदमा उम्मेदवारी दर्ता गर्न पाउने छैनन् । विधानको धारा ११ (क) र (घ) बमोजिम महासंघको प्रत्येक शाखा तथा सम्बद्ध (एशोसिएट) सदस्य संस्थाका अध्यक्षहरु र केन्द्रीय कार्य समितिद्वारा मनोनित सभासदहरु उम्मेदवार हुन पाउने छैनन् ।

८. महासंघको अध्यक्ष पदमा उम्मेदवार हुन चाहने व्यक्तिले विधानको धारा १६(८) बमोजिम लगातार ९ वर्ष र अन्य पदका लागि लगातार ६ वर्ष महासंघको अविच्छिन्न सदस्य भएको हुनु पर्नेछ । यस प्रयोजनका लागि वर्ष गणना गर्दा ९ र ६ वर्ष पूरा भएको हुनु पर्नेछ ।

६. उम्मेदवारको नामावली प्रकाशन

मनोनयन दर्ता भएपछि उम्मेदवारको नामावली प्रकाशन गरिने छ र यसरी प्रकाशन गर्दा पद र निर्वाचन क्षेत्रका आधारमा देवनागरी लिपीको वर्णानुक्रमानुसार उम्मेदवारको नाम उल्लेख गरिनेछ ।

७. **उम्मेदवारको नाम उपर छानबिन तथा दाबी बिरोध**

१. उम्मेदवारले पेश गरेको मनोनयन फाराम निर्वाचन समितिले छानबिन गर्दा फाराम भर्दा पेश गर्नु पर्ने विवरण पुरा नभएमा वा निर्वाचन क्षेत्र निर्धारण गरिएकोमा सो निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम नभएमा त्यस्ता उम्मेदवारको उम्मेदवारी रद्द हुनेछ र उम्मेदवारको सूचीबाट कारण उल्लेख गरी नाम हटाइनेछ ।

२. उम्मेदवारको नामावली प्रकाशन भएपछि कुनै पनि प्रतिनिधिले कुनै उम्मेदवारको योग्यता पुरा नभएको वा अन्य दाबी बिरोध गर्नुपर्ने कारण उल्लेख गरी निर्वाचन कार्यविधि अनुसारको कार्यतालिका बमोजिमको समयमा दाबी बिरोध गर्न पाउने छन । यस्तो दाबी बिरोधमा उल्लेखित व्यहोरा सत्य ठहरिएमा त्यस्ता उम्मेदवारको नाम उम्मेदवारी सूचीबाट हटाइनेछ ।

३. कुनै उम्मेदवारको अयोग्यताको सम्बन्धमा प्रश्न उठेमा आफू योग्य भएको प्रमाण उम्मेदवार स्वयमले पेश गर्नुपर्नेछ र सो को निरुपण महासंघको केन्द्रीय कार्यालयको अभिलेखको आधारमा गरिनेछ ।

८. **उम्मेदवारी फिर्ता लिन समय दिईने**

निर्वाचन कार्यविधि अनुसारको कार्यतालिका बमोजिमको समयमा कुनै उम्मेदवारले नाम फिर्ता लिन चाहेमा निर्वाचन समिति समक्ष आफै उपस्थित भई निवेदन दिई नाम फिर्ता लिन सक्ने छ ।

९. **उम्मेदवारको अन्तिम नामावली प्रकाशन**

१. उम्मेदवारी फारामको छानबिन, दाबी बिरोध तथा नाम फिर्ता लिने समय समाप्त भएपछि उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ ।

२. अन्तिम नामावली प्रकाशन गर्दा पद र निर्वाचन क्षेत्रका आधारमा देवनागरी लिपीको वर्णानुक्रमानुसार उम्मेदवारको नामावली उल्लेख गरिनेछ ।

१० **मतपत्रसम्बन्धी व्यवस्था**

१. मतपत्रको नमूना अनुसूची-३ बमोजिम हुनेछ ।

२. मतपत्रमा निर्वाचन समितिको कुनै एक सदस्य र मतदान अधिकृतको हस्ताक्षर हुनेछ ।

३. मतदान गर्ने समयमा मतपत्र च्यातिएमा वा मतदाताले निर्दिष्ट उम्मेदवारलाई मतदान गर्न असमर्थ भई मतपत्र परिवर्तन गर्न चाहेमा मतदान अधिकृतले मतपत्रलाई आफ्नो नियन्त्रणमा राखी सो व्यहोरा जनाइ अर्को मतपत्र जारी गर्न र मतदानको अन्त्यमा सो को मुचुल्का बनाउनु पर्नेछ ।

११ मतदान अधिकृत, मतगणना अधिकृत तथा अन्य कर्मचारीहरु नियुक्त गर्न सकिने

निर्वाचन समितिले मतदान, मतगणना तथा निर्वाचन कार्यक्रमलाई व्यवस्थित गर्नका लागि मतदान अधिकृत, मतगणना अधिकृत तथा अन्य आवश्यक कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

१२. मतदानको व्यवस्थापन

१. निर्वाचन समितिले निर्वाचन कार्यतालिकाअनुसार मतदानका दिन महाधिवेशन स्थल वा तोकेको स्थलमा मतदान गर्ने व्यवस्था मिलाउने छ ।

२. मतदाता नामावलीमा रहेको नाममा हस्ताक्षर गराइसके पछि मात्र मतपत्र प्रदान गरिनेछ ।

३. मतदानको समयमा मतदानस्थलमा निर्वाचन समितिको अनुमति प्राप्त भएको व्यक्तिलाई बाहेक अन्यलाई प्रवेश दिइने छैन ।

४. निर्वाचनमा गोप्य मतदान विधिको प्रयोग गरिनेछ ।

५. मतदानका लागि निर्दिष्ट गरिएका तरिका बमोजिम मतदानमा सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

६. मतदान गर्न जादा गोप्य मतदान स्थलमा क्यामरा र मोबाइल फोन लिएर जान पाइने छैन ।

१३. मतगणना सम्बन्धी व्यवस्था

१. मतदान कार्य समाप्त भएपछि मतगणना प्रारम्भ गरिनेछ ।

२. मतगणना स्थलमा निर्वाचन समितिले तोकेका बाहेक अन्य व्यक्तिलाई प्रवेश दिइने छैन ।

१४. सदर मत र बदर मत निर्धारण

१. सदर मत र बदर मतको निर्धारण अनुसूची-८ बमोजिम गरिनेछ ।

२. सदर मत वा बदर मत सम्बन्धमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

१५. मत परिणामको घोषणा

१. मतगणना समाप्त भएपछि जुन पदको मतगणना समाप्त भएको हो, सो पदको परिणाम प्रकाशन गरिनेछ ।

२. क्षेत्रगत सदस्यहरुको परिणाम मतगणना सकिए पछि र पदाधिकारी तथा अन्य सदस्यको परिणाम प्रत्येक निश्चित संख्याको गणना सकिएपछि सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

१६. निर्वाचित **पदाधिकारी, सदस्य, लेखा समिति संयोजक तथा सदस्य**हरुलाई अनुसूची-५ बमोजिमको ढाँचामा प्रमाणपत्र दिइनेछ ।

## १७. मतपत्र र निर्वाचन सम्बन्धी सामग्रीको सुरक्षा

१. निर्वाचन सकिएपछि निर्वाचनको क्रममा निर्वाचन समितिलाई प्राप्त कागजात, मतपत्र तथा अन्य सामग्रीहरु निर्वाचन समितिले नवनिर्वाचित अध्यक्षलाई सिलबन्दी गरी हस्तान्तरण गर्नेछ ।

२. निर्वाचित समितीलाई सामग्री हस्तान्तरण गरेपछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

## १८. निर्वाचन कार्यालय

निर्वाचन समितिको कार्यालय महासंघको केन्द्रीय कार्यालय, संचारग्राम तिलगंगामा रहनेछ । तर, महाधिवेशन प्रारम्भ भएपछि महाधिवेशन स्थलमा निर्वाचन समितिको कार्यालय राखिनेछ ।

## १९. उम्मेदवारका तर्फबाट प्रतिनिधि उपस्थित हुन सक्ने

कुनै उम्मेदवारले आफनातर्फबाट कार्य गर्नका लागि उम्मेदवार प्रतिनिधि तोक्नुपर्ने भएमा लिखित रुपमा निर्वाचन समितिलाई जानकारी गराउनुपर्ने छ । त्यस्तो प्रतिनिधिले गरेको कार्य उम्मेदवारले गरेको मानिने छ ।

## २०. निर्वाचन प्रचार प्रसार

मतदान हुने क्षेत्रको परिसर (नेपाल प्रज्ञा प्रतिष्ठानको कम्पाउण्ड) भित्र प्रचारप्रसार कार्य गर्न निषेध गरिने छ ।

## २१. निर्वाचन स्थगन भएमा

१. कुनै कारणले तोकिएको कार्यतालिका अनुसार कुनै कार्य सम्पन्न गर्न असमर्थ भएमा निर्वाचन समितिले कार्यतालिकामा आवश्यक हेरफेर गर्न सक्नेछ ।

२. मतदान वा मतगणना कार्य प्राकृतिक प्रकोप वा अन्य कारणले स्थगित भएमा समितिले अर्को उपयुक्त मिति र समयको घोषणा गरी मतदान वा मतगणनाको कार्य अगाडि बढाउन सक्नेछ ।

## २२. विधान लागु हुने

यस कार्यविधि निर्देशिकामा उल्लेखित कुनै व्यहोरा महासंघको विधानसंग बाझिएमा पत्रकार महासंघको विधानको व्यवस्था लागु हुनेछ ।

२३. निर्वाचन समितिको निर्णय अन्तिम हुने

यस निर्वाचन कार्यविधि निर्देशिकामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुरामा निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

अनुसूची १

निर्वाचन कार्यतालिका

नियम ४ सँग सम्बन्धित

देहायको कार्यतालिका बमोजिम निर्वाचन सम्पन्न गरिनेछ:

## निर्वाचन कार्यतालिका

| | |
|---|---|
| १) मतदाता नामावली प्रकाशन | २०७४ भाद्र ०३ गते बिहान १०:०० बजे |
| २) मतदाता नामावली उपर दावी विरोध | २०७४ भाद्र ०३ गते बिहान १०:०० बजे देखि १२:०० बजेसम्म |
| ३) अन्तिम मतदाता नामावली प्रकाशन | २०७४ भाद्र ०३ गते अपरहन्न ४:०० बजे |
| ४) उम्मेदवारीको मनोनयन दर्ता | २०७४ भाद्र ०४ गते दिउसो १२:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म |
| ५) उम्मेदवारको नामावली प्रकाशन | २०७४ भाद्र ०४ गते अपरान्ह ३:४५ बजे |
| ६) उम्मेदवार उपरको दावी विरोध तथा उम्मेदवारले नाम फिर्ता लिने | २०७४ भाद्र ०४ गते अपरान्ह ३:४५ देखि ०४:४५ बजे सम्म |
| ७) उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७४ भाद्र ०४ गते बेलुकी ५:०० बजेसम्म |
| ८) मतदान | २०७४ भाद्र ०५ गते बिहान ९:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म |
| ९) मतगणना | २०७४ भाद्र ०५ गते मतदान समाप्त भए पछि नेपाल पत्रकार महासंघ केन्द्रिय कार्यालय, सचारग्राम, तिलगंगा । |

कार्य तालिकामा उल्लेखित सबै प्रकृया महाधिवेशन स्थल नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाडौमा सम्पन्न हुनेछन । मतदान कार्य समाप्त भए पश्चात मतगणना कार्य पत्रकार महासंघको केन्द्रिय कार्यालय सचारग्राम तिलगंगामा गरिनेछ ।
निर्वाचन कार्यतालिकामा आवश्यकता अनुसार निर्वाचन समितिले फेरबदल गर्न सक्नेछ ।
निर्वाचन निर्देशिका तथा कार्यक्रम नेपाल पत्रकार महासंघको www.fnjnepal.org मा समेत प्रकाशन गरिनेछ ।
*नोट:- निर्वाचन कार्यालय महासंघको केन्द्रीय कार्यालय संचारग्राम काठमाडौंमा रहनेछ । महाधिवेशन सुरु भएपछि निर्वाचन समितिको कार्यालय महाधिवेशन स्थलमा समेत रहनेछ ।*
पुनश्च:- अन्तिम नामावली प्रकाशन गर्दा उम्मेदवारको नामावली पद र निर्वाचन क्षेत्रका आधारमा देवनागरी लिपीको वर्णानुक्रमानुसार उम्मेदवारको नाम उल्लेख गरिनेछ ।
निर्वाचन समितिका तर्फबाट

| | | | | |
|---|---|---|---|---|
| अरुण पौड्याल | विष्णु माया भुसाल | डा.दिनमणि पोखरेल | कपिलचन्द्र पोखरेल | प्रा.चिरञ्जीवी खनाल |
| सदस्य | सदस्य | सदस्य | सदस्य | संयोजक |

अनुसूची २

नियम ५ (२) सँग सम्बन्धित

## उम्मेदवारको मनोनयन फाराम

म नेपाल पत्रकार महासंघको केन्द्रीय समितिको निर्वाचनमा उम्मेदवार हुन इच्छुक भएकाे हुँदा निर्वाचन कार्यविधि निर्देशिका, २०७४ को नियम ५(४) मा उल्लेखित शुल्क यसै साथ संलग्न राखी यो मनोनयन पत्र दाखिल गरेको छु ।

उम्मेदवारको नाम :

ठेगाना :

उम्मेदवार हुन चाहेको पद :

निर्वाचन क्षेत्र :

मतदाता क्रम संख्या तथा क्षेत्र :

म लगातार .......... वर्ष देखि महासंघको सदस्य रहेको छु र महासंघको विधानको धारा १६(८) बमोजिम हुनुपर्ने योग्यता पूरा भएको घोषणा गर्दछु । साथै मैले हाल उम्मेदवारी दर्ता गरेको पदमा यसअघि लगातार दुईपटक पदभार ग्रहण नगरेको व्यहोरा समेत स्पष्ट गर्दछु । यदि मेरो उक्त योग्यता पूरा नभएमा मनोनयन रद्द गरेमा मेरो मन्जुरी छ ।

उम्मेदवारको हस्ताक्षर : मिति :

| प्रस्तावक | समर्थक |
|---|---|
| नाम : | नाम : |
| मतदाता क्रमसंख्या र क्षेत्र | मतदाता क्रमसंख्या र क्षेत्र |
| हस्ताक्षर | हस्ताक्षर |
| | |

निर्वाचन समितिले भर्ने

दर्ता नं : मिति :

निर्वाचन समितिका तर्फबाट आधिकारिक हस्ताक्षर :

अनुसूची ३

नियम १०(१) सँग सम्बन्धित मतपत्रको नमूना

नेपाल पत्रकार महासंघ, केन्द्रीय समितिको निर्वाचन - २०७४

पदाधिकारी र लेखा समितीको मतपत्र

प्रत्येक पदमा १ । १ जनालाई मात्र मतदान चिन्ह [ √ ] लगाउनु होला ।

अध्यक्ष :-

१) .................................... [ ]

२) .................................... [ ]

३) .................................... [ ]

उपाध्यक्षः- (खुल्ला)

१) .................................... [ ]

२) .................................... [ ]

३) .................................... [ ]

उपाध्यक्षः- (समावेशी)

१) .................................... [ ]

२) .................................... [ ]

३) .................................... [ ]

महासचिवः-

१) .................................... [ ]

२) .................................... [ ]

३) .................................... [ ]

सचिवः- (खुल्ला-१)

१) .................................... [ ]

२) .................................... [ ]

३) .................................... [ ]

सचिवः- (महिला-१)

१)..............................

२)..............................

३)..............................

सचिवः- (आदिवासी जनजाती-१)

१)..............................

२)..............................

३)..............................

सचिवः- (मधेसी-१)

१)..............................

२)..............................

३)..............................

सचिवः- (दलित-१)

१)..............................

२)..............................

३)..............................

सचिवः- (एशोसिएट-१)

१)..............................

२)..............................

३)..............................

कोषाध्यक्षः-

१)..............................

२)..............................

३)..............................

लेखा समिति संयोजक कुनै १ जनालाई मात्र मतदान | √ | चिन्ह लगाउनु होला ।

१)............................................................

२)............................................................

३)............................................................

लेखा समिति सदस्य (खुल्ला) कुनै १ जनालाई मात्र मतदान | √ | चिन्ह लगाउनु होला ।

१)............................................................

२)............................................................

३)............................................................

लेखा समिति सदस्य (महिला) कुनै १ जनालाई मात्र मतदान | √ | चिन्ह लगाउनु होला ।

१)............................................................

२)............................................................

३)............................................................

निर्वाचन समिति सदस्य

मतदान अधिकृत

नेपाल पत्रकार महासंघ

केन्द्रीय समितिको निर्वाचन - २०७४

सदस्य पदको मतपत्र

खुल्ला सदस्य कुनै ५ जनालाई मात्र मतदान √ चिन्ह लगाउनु होला ।

१)........................................

२)........................................

३)........................................

४)........................................

५)........................................

महिला सदस्य कुनै ३ जनालाई मात्र मतदान √ चिन्ह लगाउनुहोला ।

१)........................................

२)........................................

३)........................................

दलित सदस्य कुनै २ जनालाई मात्र मतदान √ चिन्ह लगाउनु होला ।

१)........................................

२)........................................

आदिवासी जनजाति सदस्य कुनै २ जनालाई मात्र मतदान √ चिन्ह लगाउनु होला ।

१)........................................

२)........................................

मधेशी सदस्य कुनै २ जनालाई मात्र मतदान √ चिन्ह लगाउनु होला ।

१)........................................

२)........................................

अपांग सदस्य कुनै १ जनालाई मात्र मतदान √ चिन्ह लगाउनु होला ।

१)........................................

अल्पसंख्यक सदस्य कुनै १ जनालाई मात्र मतदान √ चिन्ह लगाउनु होला ।

१. ..............................................

निर्वाचन समिति सदस्य

मतदान अधिकृत

नेपाल पत्रकार महासंघ

केन्द्रीय समितिको निर्वाचन २०७४

सदस्य पदको मतपत्र

.............................. प्रदेश

कुनै २ जनालाई मात्र [ √ ] चिन्ह लगाई मतदान गर्नुहोला ।

| | |
|---|---|
| १) .............................................. | [ ] |
| २) .............................................. | [ ] |
| ३) .............................................. | [ ] |
| ४) .............................................. | [ ] |
| ५) .............................................. | [ ] |
| ६) .............................................. | [ ] |

निर्वाचन समिति सदस्य

मतदान अधिकृत


## अनुसूची ४

### नियम १४(२) संग सम्बन्धित

### सदर र बदरमतको नमूना

सदर

बदर



अनुसूची ५

नियम १६ सँग सम्बन्धित

नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन समितिबाट जारी

प्रमाणपत्र

तपाईं श्री ...................................... नेपाल पत्रकार महासंघको मिति २०७४ भाद्र ४ र ५ मा सम्पन्न महाधिवेशनबाट ........................ पदमा निर्वाचित हुनु भएको हुँदा बधाइका साथ यो प्रमाणपत्र प्रदान गरिएको छ।

| | | | | |
|---|---|---|---|---|
| अरुण पौडेल | विष्णु माया भुसाल | डा.दिनमणि पोखरेल | कपिलचन्द्र पोखरेल | प्रा.चिरञ्जीवी खनाल |
| सदस्य | सदस्य | सदस्य | सदस्य | संयोजक |

मिति : ....................